# क्लष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**प्रस्तावना:** परम्परागत रुपमा स्थानीय तरिकाले खेती गर्दै आएका रैथाने बालीहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै खेतीको व्यवसायिक प्रवर्धनका लागि कलष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम सचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) रैथाने बाली संरक्षण कार्यक्रम अन्तर्गत परम्परागत रुपमा सदियौंदेखि कृषकले खेती गर्दै आएका स्थानीय बालीहरु (जस्तै कोदो, जौं, फापर, उवा, कागुनो, जुनेलो, चिनो, लट्टे, सिमी आदि) को उत्पादन, संकलन, संरक्षण एवम् प्रवर्द्धनका कार्यहरु गर्नुपर्नेछ।

(ख) क्लष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम कृषि समूह वा सहकारीसँगको साझेदारीमा संचालन हुनेछ।

(ग) यो कार्यक्रम संचालन गर्न क्लष्टरमा प्रति बाली पहाडमा कम्तीमा १५ रोपनी र तराईमा कम्तीमा ३० कठ्ठा क्षेत्रफल हुनुपर्नेछ। कार्यक्रममा आवद्ध प्रत्येक सदस्यले कम्तीमा ०.५ रोपनी जग्गामा उत्पादन कार्य संचालन गर्नुपर्नेछ।

(घ) क्लष्टरमा रैथाने बालीको बीउमा आत्मनिर्भर हुन बीउ छनौट सम्बन्धी उन्नत प्रविधिको प्रयोग गरी बीउ उत्पादन, प्रशोधन र भण्डारण सम्बन्धी कार्यहरू गर्नुपर्नेछ।

(ङ) उत्पादनको बजारीकरण सम्बन्धी कार्यहरु सामुहिक रुपमा संचालन गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

स्वीकृत बार्षिक वजेटको परिधिभित्र रही देहायका कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) बीउ, सिंचाइ, यन्त्र उपकरण लगायत उत्पादन सामग्री खरिद

(ख) प्रशोधन तथा भण्डारण सामग्री खरिद

(ग) लेबलिङ, प्याकेजिङ, उत्पादन विक्री कक्ष निर्माण तथा बजारीकरण

(घ) परिकार विविधिकरण

## ३. मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | अंक |
|---|---|---|
| **१** | **रैथाने बालीको प्रस्तावित क्षेत्रफल** | **३०** |
| क. | प्रति बाली पहाडमा १५ रोपनी वा तराईमा ३० कठ्ठा भएमा १५ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति रोपनी/कठ्ठा ०.५ अंकका दरले थप गरी अधिकतम ३० अंक प्रदान गर्ने | ३० |
| **२** | **अनुदानको अवस्था** | **१०** |
| क. | समुदायस्तरमा संचालन भएका कृषि सम्बन्धी कार्यक्रमबाट पछिल्लो | १० |

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | अंक |
|---|---|---|
| | दुई आ.व.मा अनुदान प्राप्त नगरेको | |
| ख. | समुदायस्तरमा संचालन भएका कृषि सम्बन्धी कार्यक्रमबाट पछिल्लो दुई आ.व.मा अनुदान प्राप्त गरेको | ५ |
| **३.** | **प्रस्तावित रैथाने बालीको खेती तथा विक्रीको अवस्था** | **१०** |
| क. | उपजको लेवलिङ र प्याकेजिङ गरि बिक्री गर्ने गरेको | १० |
| ख. | सामान्य परिमाणमा विक्री गर्ने गरेको | ८ |
| ग. | घरायसी उपभोगका लागि खेती गर्ने गरेको | ६ |
| घ. | हालसम्म खेती नगरिएको | ४ |
| **४** | **लाभान्वित कृषक घरधुरी** | **१०** |
| क | १५ घरधुरी भन्दा बढी | १० |
| ख | १० देखि १५ घरधुरी | ७ |
| **५.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (मूल्याङ्कन समितिले बाली विविधता र मूल्य अभिवृद्धिका योजनालाई प्राथमिकता दिई प्रस्ताव मूल्याङ्कनका आधारमा १ देखी १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **७०** |

४. **प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु,

(ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि,

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको करार सम्झौताको प्रतिलिपि।

५. **प्रस्तावको ढाँचाः**

क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल बाली अनुसार | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) कुल अनुमानित उत्पादनः

(घ) उत्पादित उपज विक्री  के.जी./ क्विन्टल :बाली अनुसार वार्षिक:

((ङ) कुल रोजगारी सिर्जनाः

(च) संचालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(छ) माग गरेको जम्मा अनुदान रकमः

(ज) संस्थामा उपलव्ध भौतिक पूर्वाधार तथा मेसीनरी औजारहरुको विवरण

(झ) खेती/संरक्षण गरेको बालीको अवस्था

- खेती गरिएको बालीको संख्या:
- खेती गरिएको बालीको नाम:

(ञ) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ट) अन्य विषय केही भए उल्लेख गर्नुहोस्